जिल्लास्थित संघ तथा प्रदेश सरकार अन्तर्गतका सरकारी कार्यालयहरु र स्थानीय तहहरुले
गत आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका गतिविधिहरुको सम्बन्धमा

# जिल्लास्तरीय वार्षिक समीक्षा प्रतिवेदन

२०८२ भाद्र


**जिल्ला समन्वय समितिको कार्यालय**

**भद्रपुर, झापा**

**कोशी प्रदेश, नेपाल**

# विषय सुची

**परिच्छेद - १ : परिचय**


१. पृष्ठभूमि

२. जिल्लाको संक्षिप्त वस्तुस्थिति

३. जिल्लास्थारीय वार्षिक समीक्षाको उद्देश्य

४. समीक्षाको क्रममा अपनाइएका विधि र प्रक्रिया

५. अध्ययनको सीमा


**परिच्छेद - २ : स्थानीय तहहरुको तुलनात्मक अवस्था**


६. स्वीकृत दरबन्दी तेरिज तथा पदपूर्तिको अवस्था

७. कानुन निर्माणको अवस्था

८. न्यायिक समितिको कार्यसम्पादनको अवस्था

९. स्थानीय तहहरूको बेरुजुको अवस्था

१०. स्थानीय तहहरूको आय र व्यय सम्बन्धी तुलनात्मक अवस्था

११. स्थानीय तहहरूको विषय क्षेत्रगत बजेट वितरणको अवस्था

१२. स्वीकृत योजना तथा कार्यक्रमको विवरण (बजेटको आधारमा)

१३. नदीजन्य पदार्थको उत्खनन तथा बिक्रीको अवस्था

१४. स्थानीय तहभित्र रहेका विद्यालय र विधार्थीहरुको संख्यात्मक विवरण

१५. बहुवर्षीय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

१६. आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय कार्यहरु र उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक अभ्यास (असल अभ्यास)

१७. स्थानीय तहका साझा समस्या तथा चुनौतीहरु

१८. प्राप्त सुझावहरु

# परिच्छेद – १ : परिचय

## १. पृष्ठभूमि

संविधानत: जिल्ला समन्वय समितिले जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्दै विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न आवश्यक समन्वय, सहजीकरण तथा अनुगमन गर्दै पृष्ठपोषण दिने कार्य जिम्मेवारी रहेको पाइन्छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२ मा भएको व्यवस्था अनुरुप प्रत्येक वर्ष जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसदलाई आमन्त्रण गरी सुझाव लिने प्रावधान रहेको छ। सोही व्यवस्था अनुरुप जिल्ला समन्वय समिति झापाले २०८२ भाद्र १६, १७ र १८ गते जिल्लास्तरीय वार्षिक समीक्षा कार्यक्रमको आयोजना गरी जिल्लास्थित सबै स्थानीय तहहरु र संघ तथा प्रदेश सरकार मातहतका सरकारी कार्यालयहरुलाई गत आ.व. २०८१/८२ मा सम्पादित मुख्य मुख्य कार्यहरुको प्रगति विवरण सहित प्रस्तुतीकरणका लागि आमन्त्रण गरेको थियो। समीक्षा गोष्ठी कार्यक्रमको प्रमुख अतिथिमा पहिलो दिन कोशी प्रदेश सरकार आर्थिक मामिला तथा योजना मन्त्री माननीय श्री राम बहादुर मगरज्यू, दोस्रो दिन कोशी प्रदेश सरकार भौतिक पूर्वाधार विकास राज्य मन्त्री माननीय श्री भूमिप्रसाद राजवंशीज्यू र तेस्रो दिन कोशी प्रदेश सरकार खानेपानी, सिँचाई तथा ऊर्जा मन्त्री माननीय श्री एकराज कार्कीज्यू रहनु भयो। कार्यक्रममा तीनै दिन जनप्रतिनिधि तथा कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो।

## २. जिल्लाको संक्षिप्त वस्तुस्थिति

नेपालको कोशी प्रदेशमा रहेको अत्याधिक उर्वर तथा घना वस्ती भएको जिल्ला हो। यसको उत्तरी भाग पहाडी पर्वतमालाले सजिएको छ भनेअतिरिक्त सम्पूर्ण भू भाग तराईमा पर्दछ। २६ डिग्री २२ मिनेट उत्तरी अक्षांशदेखि २६ डिग्री ५० मिनेट उत्तरी अक्षांशसम्म र ८७ डिग्री ३९ मिनेट पूर्वी देशान्तरदेखि ८८ डिग्री ११ मिनेट पूर्वी देशान्तरसम्म फैलिएको यो जिल्लाको क्षेत्रफल १६०६ वर्ग कि.मी. रहेको छ। जम्मा पाँच वटा संसदीय निर्वाचन क्षेत्रमा विभक्त यस जिल्लामा ८ नगरपालिका र ७ गाउँपालिका गरी जम्मा १५ वटा स्थानीय तहहरु रहेका छन्। जिल्लाको राजधानी भद्रपुर नगरपालिका स्थित चन्द्रगढीमा पर्दछ। २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजा अनुसार यस जिल्लाको जनसंख्या ९ लाख ५८ हजार ५४ जना रहेको छ। यो जिल्लाको पूर्वमा मेची नदीले भारतको पश्चिम बङ्गाल सँग सिमाना छुट्याएको तथा यस जिल्लाको दक्षिणमा भारतको बिहार राज्य रहेको छ। यसको उत्तरमा ईलाम तथा पश्चिममा मोरङ जिल्ला रहेका छन्। समुन्द्री सतहबाट नेपालको सबैभन्दा होचो भू भाग केचनाकवल ५८ मिटरमा रहेको छ भने नेपालको एक लामो पक्की पुल कनकाई नदिमा (७०२ मिटर) पनि यसै जिल्लामा पर्दछ। यस जिल्लाभित्रका प्रमुख व्यापारिक सहरहरु बिर्तामोड, दमक, काँकरभिट्टा, भद्रपुर र धुलावारी पर्दछन भने यस जिल्ला भित्रका पर्यटकीय क्षेत्रहरु कनकाई धाम, सताशी धाम, कोटीहोम, अर्जुनधारा जलेश्वर धाम, जामुनखाडी सिमसार क्षेत्र, किच्चक वध, कचनकवल, मिनी माउण्टेन आदि पर्दछन। कनकाई, बिरिङ, रतुवा, मावा, निन्दा, हडिया र मेची जस्ता नदीहरु यस जिल्लाका प्राकृतिक स्रोतहरु हुन।

## ३. जिल्लास्तरीय वार्षिक समीक्षाको उद्देश्य

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को मर्म अनुरुप जिल्ला समन्वय समिति झापाको आयोजनामा गरिएको यस जिल्लास्तरीय वार्षिक समीक्षाको उद्देश्यहरु निम्नानुसार रहेका छन्।

क. जिल्लास्थित संघ तथा प्रदेश सरकार अन्तर्गतका कार्यालयहरु र स्थानीय तहहरुले गत आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका विकास तथा निर्माणसम्बन्धी गतिविधिहरुको समीक्षा गर्नु।

ख. विकास तथा निर्माणसम्बन्धी गतिविधि सञ्चालन गर्ने कार्यालयहरुले विकास तथा निर्माणलाई सन्तुलित ढङ्गले सञ्चालन गरिरहेका छन कि छैनन भन्ने अवस्थाको जानकारी गराउने।

ग. जिल्लाबाट प्रतिनिधित्व गर्ने संघीय तथा प्रदेश संसद सदस्यहरुको तर्फबाट सुझाव लिने।

घ. विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने कार्यालयहरुले सञ्चालन गरेका असल कार्यहरुको समीक्षा गरी आगामी दिनमा निरन्तरताका लागि आधार तयार गर्न तथा सामना गर्नुपरिरहेको समस्या र चुनौतीहरुको समीक्षा गरी भविष्यमा गरिने योजना तर्जुमा तथा कार्यान्वयनका लागि सिकाई आदानप्रदान गर्ने।

## ४. समीक्षाको क्रममा अपनाइएका विधि र प्रकृया

जिल्लास्तरीय वार्षिक समीक्षा गर्ने निर्णय भएपश्चात जिल्ला समन्वय समिति झापाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को मर्म अनुरुप विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने संघ तथा प्रदेश सरकार अन्तर्गतका विषयगत कार्यालयहरु र जिल्लाभित्रका १५ वटै स्थानीय तहहरुलाई समीक्षाका लागि उपस्थित हुन पत्राचार गरेको थियो। समीक्षाका लागि देहायनुसारका विधि र प्रकृया अपनाइएको थियो।

### क. सहभागिता निर्धारण

जिल्ला समन्वय समितिको बोर्ड बैठक निर्णय द्वारा जिल्लास्थित संघ तथा प्रदेश सरकार मातहतका सम्पूर्ण सरकारी कार्यालयहरुलाई सहभागी गराउँदा समय अभाव हुने देखिएकाले प्रत्यक्ष रुपमा विकास तथा निर्माण गतिविधि सञ्चालन गर्ने १ ८ कार्यालयहरुलाई मात्र सहभागी गराइएको थियो।

स्थानीय तह अन्तर्गत झापा जिल्ला भित्रका ८ वटा नगरपालिका र ७ वटा गाउँपालिकाहरुलाई समीक्षामा सहभागी हुन पत्राचार गरिएको थियो। आमन्त्रित कार्यालयहरुले आर्थिक वर्ष २०८१/८२ मा सम्पादन गरेका गतिविधिहरुका सम्बन्धमा जानकारी गराई सुझाव लिने हेतुले झापा जिल्लाबाट संघीय तथा प्रदेश संसदमा प्रतिनिधित्व गर्नुहुने संसद सदस्यज्यूहरुलाई सहभागिताका लागि समन्वय तथा सञ्चार समेत गरिएको थियो। साथै प्रत्येक स्थानीय तहहरुबाट प्रमुख/अध्यक्ष तथा उपप्रमुख/उपाध्यक्ष सहित प्रमुख प्रशासकीय अधिकृतहरुलाई अनिवार्य सहभागिताका लागि पत्राचार गरिएको थियो भने विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरुलाई कार्यक्रममा निमन्त्रणा गरिएको थियो।

### ख. ढाँचा निर्धारण तथा पत्राचार

स्थानीय तहलाई निर्धारण गरिएको ढाँचा अन्तर्गतका विषयहरु क्रमशः पारिचयात्मक विवरण, समग्र अवस्थाको विवरण, आर्थिक वर्ष २०८१/८२ को खुद आम्दानी र खर्चको विवरण, विषयक्षेत्रगत विनियोजन र खर्चको विवरण, स्वीकृत योजना तथा कार्यक्रमको विवरण, बहुवर्षीय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण, विद्यालय र विद्यार्थी सम्बन्धी संख्यात्मक विवरण, नदीजन्य पदार्थको ठेक्का बन्दोबस्त सम्बन्धी विवरण, आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय कार्य, हाल सम्म सम्पादित कार्यवाट हासिल गरेको अनुकरणीय कुनै एक असल अभ्यासको विस्तृतीकरण, अनुभूत गरेका प्रमुख समस्या,

जि.स.स.ले गर्नुपर्ने समन्वय र सहजीकरणको क्षेत्र र अपेक्षा, सङ्घीय सरकार र प्रदेश सरकार सँगको अपेक्षा।

सङ्घीय सरकार र प्रदेश सरकार मातहतका कार्यालय लाई निर्धारण गरिएको ढाँचा अन्तर्गतका विषयहरु क्रमशः पारिचयात्मक विवरण, कार्यालयको स्वीकृत दरबन्दी तेरिज तथा पदपूर्ती सम्बन्धी विवरण, कार्यालयको आर्थिक वर्ष २०८१/८२ को आयव्ययको विवरण, बेरुजु सम्बन्धी विवरण, आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय कार्य, उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक असल अभ्यासको विस्तृतीकरण,जि.स.स.ले गर्नुपर्ने समन्वय र सहजीकरणको क्षेत्र र अपेक्षा।

कार्यलय तथा स्थानीय तहलाई पठाइएको पत्र आउने पृष्ठहरुमा देखाइएका छन्।

# जिल्ला समन्वय समितिको कार्यालय, झापा

पत्र संख्याः २०८२/८३
चलानी नं. ३०

नेपाल संवत ११४५ गुंलागा त्रयोदशी
मितिः २०८२/०५/०५

विषयः असल अभ्यास तथा बार्षिक समिक्षा सम्बन्धमा ।

श्री सघन सहरी तथा भवन निर्माण आयोजना, झापा ।
श्री राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वियन इकाइ, झापा ।
श्री जनताको तटबन्धन कार्यालय, गैडे, झापा ।
श्री पूर्वाधार विकास कार्यालय, झापा ।
श्री जलश्रोत तथा सिचाई विकास डिभिजन कार्यालय, झापा ।
श्री कृषि ज्ञान केन्द्र, झापा ।
श्री डिभिजन वन कार्यालय, झापा ।
श्री स्थास्थ्य कार्यालय, झापा ।
श्री घरेलु तथा साना उद्योग कार्यालय, झापा ।
श्री भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, झापा ।
श्री सडक डिभिजन, दमक झापा ।
श्री झापा भूमिगत जलसिचाई आयोजना, गैडे झापा ।
श्री खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय, झापा ।
श्री प्रादेशिक अस्पताल भद्रपुर, झापा ।
श्री प्रादेशिक आयुर्वेद अस्पताल, लखनपुर, झापा ।
श्री कृषि विकास फार्म, चन्द्रडागी झापा ।
श्री क्वारेन्टाइन कार्यालय, काकरभिट्टा ।

प्रस्तुत विषयमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२(ज) अनुसार गत आ.व.मा सम्पन्न कार्यको बार्षिक समिक्षा गर्नुपर्ने हुँदा देहायको मिति समय र स्थानमा कार्यक्रम गर्ने भनि यस समितिको मिति २०८२/०५/०२ गतेको बोर्ड बैठक निर्णय भएको हुँदा यसै पत्रसाथ संलग्न ढाँचा (PowerPoint Presentation) मा फरक नपर्ने गरी विवरण भरी उक्त विवरणको प्रमाणित कपि र इ-कपि सहित कार्यालय प्रमुख अनिवार्य उपस्थित भइदिनुहुन निर्णयानुसार अनुरोध छ । साथै उक्त विवरणको प्रमाणित कपि र इ-कपि ३ दिन अगावै यस कार्यालयको इमेल ठेगानामा पठाइ सहयोग गरिदिनुहुन समेत अनुरोध छ ।

देहायः-
समयः- दिनको ११ : ०० बजे देखि
स्थानः- जिल्ला समन्वय समितिको सभाहल, झापा ।
मितिः- २०८२ भाद्र १६, १७ र १८ गते

२०८२/०५/०५

राजमणि मिरौला
जिल्ला समन्वय अधिकारी


E-mail: info@ddcjhapa.gov.np contact: 452165 website: www.dccjhapa.gov.np

# जिल्ला समन्वय समिति, झापा

भद्रपुर
कोशी प्रदेश, नेपाल

पत्र संख्याः २०८२/८३
चलानी नं. २९

नेपाल संवत ११४५ गुंलागा त्रयोदशी
मितिः २०८२/०५/०५

विषयः असल अभ्यास तथा बार्षिक समिक्षा सम्बन्धमा ।

श्री स्थानीय तह (सबै), झापा ।

प्रस्तुत विषयमा जिल्ला स्तरमा स्थानीय तहको असल अभ्यास सम्बन्धी अनुभव आदान प्रदान कार्यक्रमको सम्बन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखा, सिंहदरबार काठमाण्डौको प.स./च.नं. ०८२/०८३/९ मिति २०८२/०४/०७ (वेवसाइटमा प्रकाशित) गतेको पत्रको व्यहोरा अवगत नै छ । साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९२(ञ) अनुसार गत आ.व.मा सम्पन्न कार्यको बार्षिक समिक्षा समेत गर्नुपर्ने हुँदा देहायको मिति समय र स्थानमा कार्यक्रम गर्ने भनि यस समितिको मिति २०८२/०५/०२ गतेको बोर्ड बैठक निर्णय भएको हुँदा ताहाँ पालिकाबाट प्रमुख/अध्यक्ष, उपप्रमुख/उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत समेत ३ जना उपस्थित भइदिनुहुन निर्णयानुसार अनुरोध छ । साथै यसै पत्रसाथ संलग्न ढाँचा (PowerPoint Presentation) मा फरक नपर्ने गरी विवरण भरी उक्त विवरणको प्रमाणित कपि र इ-कपि ३ दिन अगावै यस कार्यालयको इमेल ठेगानामा पठाइदिनुहुन समेत अनुरोध छ ।

देहायः-
समयः- दिनको ११ : ०० बजे देखि
स्थानः- जिल्ला समन्वय समितिको सभाहल, झापा ।
मितिः- २०८२ भाद्र १६, १७ र १८ गते

पुनश्चः- प्रमुख प्रशासकीय अधिकृत अनिवार्य उपस्थित भइदिनुहुन ।

विश्वनाथ बराल
प्रमुख, जिल्ला समन्वय समिति

बोधार्थः-
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, योजना तथा अनुगमन शाखा, सिंहदरबार काठमाण्डौ ।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर, नेपाल ।

### ग. प्रस्तुतीकरण

जिल्ला समन्वय समितिको कार्यालय झापाले जिल्लास्थित स्थानीय तहहरु तथा कार्यालयहरुलाई ढाँचा निर्धारण गरी बार्षिक प्रगति विवरण पेश गर्न पत्राचार गरिएको र समीक्षा कार्यक्रमका दिनहरुमा प्रत्येक प्रस्तुतकर्ता लाई १५ मिनेटको समय प्रदान गरी प्रस्तुतीकरणका लागि आमन्त्रण गरिएको थियो।

### घ. प्रश्नोत्तर तथा छलफल

प्रत्येक प्रस्तुतकर्ताहरुको आलोपालो प्रस्तुतीकरण पश्चात सम्बन्धित प्रस्तुतकर्ताको बार्षिक कार्यसम्पादनका सम्बन्धमा प्रश्नोत्तर तथा छलफलका लागि ५ मिनेटको समय प्रदान गरिएको थियो । सहभागी सरोकारवालाहरुले सम्बन्धित पालिकाको जिम्मेवार नेतृत्वहरुलाई जिज्ञासा, प्रश्न, आलोचना तथा सुझावहरु राखेका थिए।

### ङ. सुझाव संकलन

जिल्लास्तरीय बार्षिक समीक्षा कार्यक्रमका प्रमुख अतिथि कोशी प्रदेश सरकारका माननीय मन्त्रीहरु, जिल्ला समन्वय समितिका पदाधिकारी, स्थानीय तहका जनप्रतिनिधिहरु, पत्रकार तथा सरोकारवाला नागरिकहरुले पालिका/कार्यालयको बार्षिक प्रगति विवरण सम्बन्धमा केही सुझावहरु समेत व्यक्त गरेका थिए।

## ५. समीक्षा प्रतिवेदनको सीमा


जिल्लास्तरीय बार्षिक समीक्षामा विकास निर्माण सँग सम्बन्धित गतिविधिहरु सञ्चालन गर्ने जिल्लाभित्रका सम्पूर्ण स्थानीय तहहरुलाई गत आर्थिक वर्ष २०८१/८२ मा सम्पादित मुख्य कार्यहरु, आर्थिक तथा भौतिक प्रगतिहरुका सम्बन्धमा प्रस्तुतीकरण सहित समीक्षाका लागि आमन्त्रण गरिएको थियो।

यस समीक्षा प्रतिवेदनमा समाविष्ट भएका सूचना तथा तथ्याङ्कहरु सम्बन्धित कार्यालयले यस कार्यालयमा प्रस्तुतीकरणका लागि पेश गरेकाप्रगति प्रतिवेदनहरुका आधारमा गरिएका छन।

## परिच्छेद – २: स्थानीय तहहरुको तुलनात्मक अवस्था

### ६. स्वीकृत दरवन्दी तेरिज तथा पदपूर्तिको अवस्था


स्थानीय तहहरुले आफ्नो कार्यालयको स्वीकृत दरबन्दी तेरिज तथा पदपूर्तिको अवस्था सम्बन्धमा पठाएको तथ्याङकका आधारमा ती स्थानीय तहहरुमा विधमान जनशक्तिको अवस्थालाई तल दिईएको स्तम्भचित्र बाट प्रस्तुत गरि देखाइएको छ।



### ७. कानून निर्माणको अवस्था

यहाँ प्रस्तुत तालिकाले प्रत्येक पालिकामा लागू भएका ऐन, नियमावली र कार्यविधि/मापदण्ड/निर्देशिका को संख्या स्पष्ट पार्छ। यसले स्थानीय तहमा पारदर्शिता र सुशासन सुनिश्चित गर्न कानून निर्माणको अवस्था कस्तो छ भन्ने संकेत दिन्छ।


| S.N. | पालिका | ऐन | नियमावली | कार्यविधि / मापदण्ड / निर्देशिका |
|---|---|---|---|---|
| 1 | अर्जुनधारा नगरपालिका | 15 | 5 | 19 |
| 2 | बाह्रदशी गाउँपालिका | 21 | 2 | 21 |
| 3 | भद्रपुर नगरपालिका | 20 | 2 | 60 |
| 4 | बिर्तामोड नगरपालिका | 30 | 5 | 48 |
| 5 | बुद्धशान्ति गाउँपालिका | 22 | 5 | 50 |
| 6 | दमक नगरपालिका | 26 | 9 | 49 |
| 7 | गौरादह नगरपालिका | 21 | 6 | 40 |
| 8 | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | | |
| 9 | हल्दीबारी गाउँपालिका | 25 | 5 | 63 |
| 10 | झापा गाउँपालिका | 4 | 2 | 24 |
| 11 | कचनकवल गाउँपालिका | 11 | 16 | 44 |
| 12 | कमल गाउँपालिका | 20 | 4 | 51 |
| 13 | कन्काई नगरपालिका | 14 | 2 | 80 |
| 14 | मेचीनगर नगरपालिका | 34 | 47 | 57 |
| 15 | शिवसताक्षी नगरपालिका | 15 | 5 | 54 |


ऐन
नियमावली
का/मा/नि
90
80
70
60
50
40
30
20
10
0
१
२
३
४
५
६
७
८
९
१०
११
१२
१३
१५
१५

## ८. न्यायिक समितिको कार्यसम्पादन अवस्था

झापा जिल्ला स्थित स्थानीय तहहरुको न्यायिक समितिको कार्यसम्पादन अवस्था बुझ्न जिल्ला समन्वय समितिले सम्बन्धित स्थानीय तहहरुलाई गत आ.व. मा दर्ता भएका उजुरी संख्या, फछर्यौट भएका उजुरी, माथिल्लो निकायमा पठाइएका उजुरी संख्या र फछर्यौट हुन बाँकी उजुरीहरुको अवस्था तथ्यगत रुपमा बार्षिक समीक्षा कार्यक्रमका लागि माग भएको आधारमा झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुका न्यायिक समितिको कार्यसम्पादन अवस्थालाई निम्नानुसार स्तम्भचित्रबाट प्रस्तुत गरिएको छ।

| S.N. | पालिका | कुल दर्ता | फछर्यौट | पुनरावेदन |
|---|---|---|---|---|
| 1 | अर्जुनधारा नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | | |
| 2 | बाह्रदशी गाउँपालिका | 55 | 40 | 0 |
| 3 | भद्रपुर नगरपालिका | 108 | 96 | 2 |
| 4 | बिर्तामोड नगरपालिका | 127 | 95 | 1 |
| 5 | बुद्धशान्ति गाउँपालिका | 74 | 49 | 0 |
| 6 | दमक नगरपालिका | 241 | 186 | 1 |
| 7 | गौरादह नगरपालिका | 51 | 41 | 1 |
| 8 | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | | |
| 9 | हल्दीबारी गाउँपालिका | 15 | 7 | 1 |
| 10 | झापा गाउँपालिका | 93 | 45 | 7 |
| 11 | कचनकवल गाउँपालिका | 157 | 140 | 0 |
| 12 | कमल गाउँपालिका | 48 | 38 | 0 |
| 13 | कन्काई नगरपालिका | 21 | 21 | 0 |
| 14 | मेचीनगर नगरपालिका | 147 | 106 | 0 |
| 15 | शिवसताक्षी नगरपालिका | 35 | 16 | 5 |


15
14
13
12
11
10
9
8
7
6
5
4
3
2
1
0
50
100
150
200
250
300

## ९. स्थानीय तहहरुको बेरुजुको अवस्था


झापा जिल्ला स्थित स्थानीय तहहरुको आ.व. २०८१/८२ सम्मको फछ्यौंट गर्न बाँकी बेरुजु (नियमित गर्नुपर्ने, पेश्की बेरुजु र असुल गर्नुपर्ने) हरुको अवस्था तल दिईएको स्तम्भ चित्रबाट प्रस्तुत गरिएको छ।

| S.N. | पालिका | कुल ८१/८२ सम्मको (रू १०००मा) | ८१/८२ मा फछ्यौंट (रू १०००मा) |
|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका | 93660 | 0 |
| २ | २बाह्रदशी गाउँपालिका | 98987 | 12564 |
| ३ | भद्रपुर नगरपालिका | 447597 | 141856 |
| ४ | बिर्तामोड नगरपालिका | 680926 | |
| ५ | बुद्धशान्ति गाउँपालिका | 312146 | 10176 |
| ६ | दमक नगरपालिका | 335676 | |
| ७ | गौरादह नगरपालिका | 215822 | 33189 |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | |
| ९ | हल्दीबारी गाउँपालिका | 110814 | 7061 |
| १० | झापा गाउँपालिका | 44720 | 1344 |
| ११ | कचनकवल गाउँपालिका | 158195 | 40000 |
| १२ | कमल गाउँपालिका | 202872 | 54877 |
| १३ | कन्काई नगरपालिका | 161500 | 7300 |
| १४ | मेचीनगर नगरपालिका | 837907 | 24866 |
| १५ | शिवसताक्षी नगरपालिका | 329489 | 12011 |

## १०. स्थानीय तहहरुको आय र व्ययसम्बन्धी तुलनात्मक अवस्था

झापा जिल्ला स्थित जम्मा १५ वटा स्थानीय तहहरुले गत आ. व. २०८१/८२ मा प्राप्त गरेका आय तथा व्ययसम्बन्धी विवरण तलको तालिकाबाट प्रस्तुत गरिएको छ।

| S.N. | पालिका | आय (रू १०००मा) | व्यय (रू १०००मा) |
|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | |
| २ | बाह्रदशी गाउँपालिका | 519117.82 | 470057.84 |
| ३ | भद्रपुर नगरपालिका | 972647.1 | 791643 |
| ४ | बिर्तामोड नगरपालिका | 1509293.82 | 1101660.24 |
| ५ | बुद्धशान्ति गाउँपालिका | 578055 | 574891 |
| ६ | दमक नगरपालिका | 1334968 | 1302112 |
| ७ | गौरादह नगरपालिका | 763458 | 754234 |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | |
| ९ | हल्दीबारी गाउँपालिका | 457330 | 430121 |
| १० | झापा गाउँपालिका | 547935 | |
| ११ | कचनकवल गाउँपालिका | 620685 | 512934 |
| १२ | कमल गाउँपालिका | 651081 | 621230 |
| १३ | कन्काई नगरपालिका | 614741 | 568750 |
| १५ | मेचीनगर नगरपालिका | 1824376 | 1465753 |
| १५ | शिवसताक्षी नगरपालिका | 966287 | 869275 |



## ११. स्थानीय तहहरुको विषयक्षेत्रगत बजेट वितरणको अवस्था

स्थानीय तहको बजेट तथा योजना तर्जुमा दिग्दर्शन अनुसार स्थानीय तहहरुले बजेट तर्जुमा गर्दा विशेषत बिषय क्षेत्रगत रुपमै बजेट विनियोजन गर्नुपर्ने प्रावधान रहेको पाइन्छ। झापा जिल्लाका स्थानीय तहहरुले आर्थिक वर्ष २०८१/८२ मा विभिन्न विषयहरु जस्तै: आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा संस्थागत क्षमता विकास अन्तर्गत निम्नानुसार बजेट विनियोजन गरेको देखिन्छ।

### १. अर्जुनधारा नगरपालिका

रकम रु. मा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ९०२८५३५२ | ८३७०४१५७ | ९२.७१ | |
| २ | सामाजिक विकास | ४२६३१८७९० | ३५१२३३२१० | ८२.३९ | |
| ३ | पूर्वाधार विकास | ३२१०६५६६३ | २९३५८९०३९ | ९१.४४ | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १४४१०००० | १३५०१६७९ | ९३.७० | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ११२६१००० | ७६०६९९२ | ६७.५५ | |

### २. बाह्रदशी गाउँपालिका

रकम रु. हजारमा

| सिनं | विषयक्षेत्र | वार्षिकविनियोजित बजेट | | खर्चरकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | आर्थिक विकास | १,०२,२८.८९ | ३६३९८.१ | ८१५३.००७ | २४५७५.१६ | ७९.७ | ६७.५२ | |
| २ | सामाजिकविकास | २१,५०,६३ | २,१६,४४ | १८,६२,७५ | १,९१,१५ | ८६.६१ | ८८.३१ | |
| ३ | पूर्वाधारविकास | १५,९८ | १४,०३,७० | १४,९५ | ११,३०,३५ | ९३.६१ | ८०.५२ | |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | ६९,१२ | ३,०० | ६०,९० | ३,०० | ८८.११ | १०० | |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ११.४२.६० | ६८.८७ | १०.४४.१७ | ६५.९८ | ९१.३८ | ९५.८ | |
| | जम्मा | ३४.८०.६३ | २०.५६.०० | ३०.६४.३२ | १६.३६.२५ | ८८.०३ | ७९.५८ | |

### ३. भद्रपुर नगरपालिका

रु.हजारमा

| सि.नं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | आर्थिक विकास | ३,९८,८२ | २,८८,०० | २,४७,९५ | १,४२,०२ | ६२.१७% | ४९.३१% | |
| २ | सामाजिक विकास | ३६,६७,८६ | १,४३,२० | ३१,२९,४० | १,१४,४८ | ८५.३१% | ७९.९४% | |
| ३ | पूर्वाधार विकास | ० | ४३,१०,०६ | ० | २६,५५,०८ | ० | ६१.६% | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | २,३६,०० | २५,०० | १,८३,०९ | ० | ७७.५८% | ० | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १४,११,९४ | ४०,०० | १२,८०,७६ | ३८,७७ | ९०.७% | ९६.९२% | |
| | जम्मा | ५७,१४,६२ | ४८,०६,२६ | ४८,४१,२० | २९,५०,३५ | | | |

## ४.बिर्तामोड नगरपालिका

रकम रु. मा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | २,७७,००,०००.०० | २,०१,८२,८८१.७९ | ७२.८६ | ७५,१७,११८.२१ |
| २ | सामाजिक विकास | ३७,९९,९६,४८६.०० | ३४,४८,५७,४३८.८४ | ९०.७५ | ३,५१,३९,०४७.१६ |
| ३ | पूर्वाधार विकास | ६३,६६,२४,०१५.०० | ४४,०९,५७,८३६.९७ | ६९.२७ | १९,५६,६६,१७८.०३ |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ५८,४५,०००.०० | २२,०६,२५६.०० | ३७.७५ | ३६,३८,७४४.०० |
| | जम्मा | १,०५,०१,६५,५०१.०० | ८०,८२,०४,४१३.६० | ७६.९५ | २४,१९,६१,०८७.४० |

## ५. बुद्‌धशान्ति गाउँपालिका

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३,५१,०० | २,७५,०९ | ७८.३७ | |
| २ | सामाजिक विकास | २५,१५,५७ | २२,९५,८८ | ९१.२७ | |
| ३ | पूर्वाधार विकास | १९,५०,९० | १५,७५,६३ | ८०.७६ | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | १,०६,५० | ७४,८६ | ७०.३ | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १७,६१,९६ | १५,४३,८५ | ८७.६२ | |
| | जम्मा | ६६,८५,९३ | ५७,६५,३२ | ८६.२३ | |

## ६.दमक नगरपालिका

रकम रु. मा

| सि न | विषयक्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजिगत | चालु | पुजिगत | चालु | पुजिगत | |
| १ | आर्थिक विकास | ३,२२,६६,२९५/- | ३०,५०,०००/- | २,०६,५७,७४९/३८ | ६,४८,४५३/- | ६४.०२ | २१.२६ | |
| २ | सामाजिक विकास | ४८,२५,१२,७२४/- | ६,२४,००,०००/- | ४१,००,३८,५४४/५९ | ५,५१,८९,२४४/- | ८४.९७ | ८८.४४ | |
| ३ | पूर्वाधार विकास | ४१,७८,७८२/- | ७५,०९,४३,५७६/- | ३१,७८,७६१/- | ६५,००,९५,७०६/४९ | ७५.८१ | ८६.२५ | |
| ४ | बन, वातावरण तथा विपद व्यवस्थापन | ८२,२६,१९६/- | ७५,१३,०००/- | ६७,२३,४६५/- | ८,७२,१९७/१ | ८१.७३ | ११.६० | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ३,५७,०७,०००/- | १३,००,०००/- | २,८२,२५,१५०/७ | ७,९९,५०२/६ | ७९.०४ | ५४.०३ | |
| | जम्मा | ५६,२८,९०,९९७/- | ८२,५२,०६,५७६/- | ४,६६,७२,३,६७१/- | ६६,७१,०५,१०३/- | ८५.८५ | ८०.१३ | |

## ७. गौरादह नगरपालिका

रकम रु. मा

| विषयक्षेत्र | वार्षिक विनियोजित बजेट (रु.) | | खर्च रकम (रु.) | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | चालु | पुँजिगत | चालु | पुँजिगत | चालु | पुँजिगत |
| आर्थिक विकास | ३.१०.०५.७५५।- | १.४५.३८.८८०।८२ | १.९३.६२.४८५।५८ | १.४१.०९.३६१।- | ६२.४५ | ९७.०५ |
| समाजिक विकास | ३३.३३.७४.२७१।- | २.८१.११.०००।- | ३०.४०.५८.१०५।२० | २.५४.४७.६४९।३० | ९१.२१ | ९०.५३ |
| पूर्वाधार विकास | १७.३६.५००।- | २५.८८.८७.९०९।३० | १५.९७.५७७।- | २१.५२.३५.२८८।२१ | ९२ | ८३.१४ |
| वन वातावरण विपद व्यवस्थापन | २.२७.३९.८९६।३८ | ६६.६३.०४९।१६ | १.६८.९७.०४५।- | ३६.५२.४०१।- | ७४.३१ | ५४.८२ |
| सुशासन तथा संस्थागत विकास | १.६२.७३.८०००।- | ५५.६७.०००।- | १४.९६.४६.३८५।७६ | ४७.३२.२३०।- | ९१.९६ | ८५.०१ |
| **जम्मा** | **५५.१५.९४.४२२।३८** | **३१.३७.६७८३९।२८** | **४९.१५.६१.५९८।५४** | **२६.३१.७६.९२९।५१** | **८९.११** | **८३.८७** |

## ८. गौरिगञ्ज गाउँपालिका (प्रतिवेदन नबुझाएको)

## ९.हल्दीबारी गाउँपालिका

रकम रु. मा

| सि. न. | विषय क्षेत्र | विनियोजित बजेट (चालु) | विनियोजित बजेट (पूँजीगत) | खर्च रकम (चालु) | खर्च रकम (पूँजीगत) | खर्च प्रतिशत (चालु) | खर्च प्रतिशत (पूँजीगत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| 1 | आर्थिक विकास | १,१४,१२,००० | ४७,२९००० | ८९,५१,१८४ | ४३,६७,३२१ | ७८.४४ | ९०.३५ | |
| 2 | सामाजिक विकास | २१,५७,७४,८५० | २,५१,३०,००० | १९५८१५४३९ | २१८९०९५३ | ९०.७५ | ८७.११ | |
| 3 | पूर्वाधार विकास | २,५०,००० | १३,५६,६७,६५० | २,४८,००० | ११८०३७७८८ | ९९.२ | ८७.०१ | |
| 4 | वन, वातावरण तथा विपद् व्यवस्थापन | १०,००,००० | | १०००००० | | १०० | | |
| 5 | सुशासन तथा संस्थागत क्षमता विकास | ८६,२२,००० | | ७९५२५७० | | ९२.२४ | | |
| | जम्मा | २३,६०,५८,८५० | | २१,३९,६७,१९३। | | ९१.०३ | ८८.१६ | |

## १०.झापा गाउँपालिका

रू १००० मा

| सी.नं. | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत |
| १ | आर्थिक विकास | ९१७१ | १४७०० | ६६२५ | १०३९८ | ७२.२४ | ७०.७३ |
| २ | सामाजिक विआस | २६५०४७ | १३५७२ | २२६७५७ | ६६१९ | ८५.५५ | ४८.७६ |
| ३ | पूर्वाधार विकास | ५३५० | १६२४६८ | ३०४६ | १३१९६४ | ५६.९४ | ८१.२२ |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | १६०० | ५० | १५७५ | ४५ | ९८.४३ | ९० |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ७८९८७ | ३९५० | ६९५५७ | ३२०० | ८८.०६ | ८१.०३ |
| | **जम्मा** | **३६०१५५** | **२०४६४१** | **३०७५६२** | **१५७९६३** | **८५.३९** | **७७.१९** |

## ११.कचनकवल गाउँपालिका

रकम रु. हजारमा

| सि.नं. | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४०,२८९/- | ३५,४४२.३/- | ८७.९७% | |
| २ | सामाजिक विकास | ३,०५,२९२/- | २,६३,२६५.९४/- | ८६.२३% | |
| ३ | पूर्वाधार विकास | १,५१,०९३.४/- | १,१३,५२५.५०/- | ७५.१४% | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ३,१९२.५०/- | १,३३९.९०/- | ४१.९७% | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ६,७८२.५०/- | ३,६६१.१०/- | ५३.९८% | |

## १२. कमल गाउँपालिका

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | खर्च रकम | खर्च प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३७०४४ | २९९७५ | ८०.९१% | |
| २ | सामाजिक विकास | ३५३३४७ | २९७४५७ | ८४.१८% | |
| ३ | पूर्वाधार विकास | २०७६३८ | १८५१८२ | ८९.१८% | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ३५५० | १२४८ | ३५.१५% | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | १२०२२१ | १०७३६८ | ८९.३०% | |
| | जम्मा | ७२१८०० | ६२१२३० | ८६.०६% | |

## १३.कन्काई नगरपालिका

Amount in thousands

| सि.न. | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुजीगत | चालु | पुजीगत | चालु | पुजीगत | |
| १ | आर्थिक विकास | 17720.693 | 21635 | 14167.06 | 17859.720 | 79.94 | 82.55 | |
| २ | सामाजिक विकास | 272882.588 | 18125 | 240827.274 | 13615.366 | 88.25 | 75.11 | |
| ३ | पुर्वाधार विकास | 22452.222 | 184541.331 | 1412.090 | 147579.009 | 62.89 | 79.97 | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | 11173 | - | 8477.119 | - | 75.87 | - | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | 16927.990 | 7200 | 13345.019 | 2173.909 | 78.83 | 30.19 | |

## १४. मेचीनगर नगरपालिका

रकम रु. हजारमा

| सिनं | विषय क्षेत्र | वार्षिक विनियोजित बजेट | | खर्च रकम | | खर्च प्रतिशत | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | चालु | पुँजीगत | चालु | पुँजीगत | चालु | पुँजीगत | |
| १ | आर्थिक विकास | ३८४८०.१ | ३९८७२.० | १८८९९.१७ | २७४४७.९७ | ४९.११ | ६८.८४ | |
| २ | सामाजिक विकास | ५८३८३३.८ | ४०६००.० | ५०८८१०.८९ | १९३३१.०१ | ८७.१५ | ४७.६१ | |
| ३ | पूर्वाधार विकास | ६९२० | ११७५२७०.०९ | ४४६९.५७ | ६१७६४४.७१ | ६४.५९ | ५२.५५ | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ८३३४.४७८ | १०० | ५५८८.९९ | ९८.६३ | ६७.०५ | ९८.६४ | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास | ३८७१९.९९ | ५७३० | २२९६२.७३१ | ७०२.७ | ५९.३ | १२.२६ | |
| | जम्मा | १९३८७६०.४५ | | ५६०७३१.३७ | ६६५२२५.०५ | ८२.८ | ५२.७२ | |

## १५.शिवसताक्षी नगरपालिका

रकम रु. मा

| क्र सं | क्षेत्र/उपक्षेत्र | वार्षिक विनियोजन | खर्च | खर्च % | कैफियत |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | 85733000 | 70177490 | 81.86 | |
| २ | समाजिक विकास | 479341550 | 438798464.14 | 91.54 | |
| ३ | पूर्वाधार विकास | 236783347 | 194161087.41 | 82.00 | |
| ४ | वन, वातावरण तथा विपद व्यवस्थापन | 17100512 | 16399117 | 95.20 | |
| ५ | सुशासन तथा संस्थागत क्षमता | 15340000 | 14916631.30 | 97.24 | |
| ६ | कार्यालय संचालन | 173260683 | 134822468.49 | 77.81 | |
| | जम्मा | 1007559092.51 | 869275258.34 | 86.27 | |


प्रस्तुत विवरणमा झापा जिल्लाका १५ वटा स्थानीय तहहरुबाट संकलित आर्थिक तथा भौतिक उपलब्धिको तथ्यांक समावेश गरिएको छ। गौरिगञ्ज गाउँपालिकाबाट प्रतिवेदन नबुझिएको हुँदा सम्बन्धित विवरण समावेश गर्न सकिएको छैन भने अन्य १४ पालिकाका तथ्यांकहरू पालिका अनुसार क्रमबद्ध रूपमा प्रस्तुत गरिएको छ। उपलब्ध तथ्यांकको विश्लेषण गर्दा आर्थिक बजेट विनियोजन तथा खर्चमा विविधता देखिन्छ— कतिपय पालिकामा सामाजिक विकासमा, कतिपयमा भौतिक पूर्वाधार तथा आर्थिक विकास क्षेत्रमा प्राथमिकता देखिएको छ। समग्रमा, अधिकांश पालिकाले कुल विनियोजित बजेटको उल्लेख्य अंश खर्च गरेका छन् भने, केही पालिकामा कार्यक्षमताको प्रतिशत उच्च देखिएको छ। प्रस्तुत प्रतिवेदनले आगामी नीति निर्माण, बजेट तर्जुमा तथा श्रोत परिचालनका दृष्टिले अति महत्वपूर्ण जानकारी प्रदान गर्ने विश्वास लिइन्छ।

## १२. स्वीकृत योजना तथा कार्यक्रमको विवरण (बजेटको आधारमा)

यहाँ प्रस्तुत तालिकामा स्वीकृत योजनाहरूलाई बजेटको दायराका आधारमा वर्गीकृत गरिएको छ। यस वर्गीकरणले स्थानीय तहले साना, मध्यम, तथा ठूला तीनै प्रकारका आयोजनामा स्रोत विनियोजन कसरी गरिएको छ भन्ने स्पष्ट संकेत दिन्छ । यसले योजना छनोट तथा प्राथमिकतामा आर्थिक स्रोतको वितरण र योजनाको कार्यान्वयनको अवस्था बुझ्न महत्वपूर्ण भूमिका खेल्छ ।

| S.N. | पालिका | जम्मा योजना | ५० लाख भन्दा बढी बजेटको आयोजना | २५ देखि ५० लाख सम्म | ५ देखि २५ लाख सम्म | ५ लाख सम्म |
|---|---|---|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका | 371 | 8 | 10 | 69 | 284 |
| २ | बाह्रदशी गाउँपालिका | 230 | 3 | 10 | 57 | 160 |
| ३ | भद्रपुर नगरपालिका | 378 | 8 | 21 | 28 | 321 |
| ४ | बिर्तामोड नगरपालिका | 990 | 31 | 52 | 739 | 168 |
| ५ | बुद्धशान्ति गाउँपालिका | 474 | 12 | 11 | 69 | 382 |
| ६ | दमक नगरपालिका | 351 | 19 | 19 | 126 | 187 |
| ७ | गौरादह नगरपालिका | 281 | 15 | 9 | 53 | 204 |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | | | | |
| ९ | हल्दीबारी गाउँपालिका | 176 | 6 | 2 | 20 | 148 |
| १० | झापा गाउँपालिका | 258 | 14 | 2 | 29 | 212 |
| ११ | कचनकवल गाउँपालिका | 235 | 6 | 0 | 67 | 162 |
| १२ | कमल गाउँपालिका | 238 | 6 | 11 | 26 | 195 |
| १३ | कन्काई नगरपालिका | 327 | 6 | 12 | 61 | 248 |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | मेचीनगर नगरपालिका | 935 | 25 | 32 | 142 | 736 |
| १५ | शिवसताक्षी नगरपालिका | 337 | 14 | 15 | 84 | 224 |




यहाँ प्रस्तुत विवरणबाट प्रस्ट देखिन्छ कि अधिकांश योजना तथा कार्यक्रमहरू साना–पुर्जा (५ लाखसम्म) बजेट वर्गमा परेको छन्।

## १३. नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्रीको अवस्था

प्रचलित कानून बमोजिम झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्री सम्बन्धी व्यवस्थापनमा के गरिरहेका छन भनि जिल्ला समन्वय समिति झापाले निर्धारित ढाँचा मार्फत विवरण माग गरेकोमा सम्बन्धित स्थानीय तहहरुले पेश गरेका तथ्याङ्कका आधारमा झापा जिल्लामा नदीजन्य पद्धार्थको उत्खनन् तथा बिक्रीको अवस्था तलको स्तम्भचित्र मार्फत प्रस्तुत गरिएको छ।

| S.N. | पालिका | स्वीकृत परिणाम (घन मिटर) | ठेक्का बन्दोबस्त भएको परिणाम (घन मिटर) |
|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | |
| २ | बाह्रदशी गाउँपालिका | 12325 | 12325 |
| ३ | भद्रपुर नगरपालिका | 56943 | 56943 |
| ४ | बिर्तामोड नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | |
| ५ | बुद्धशान्ति गाउँपालिका | 52875 | 24842 |
| ६ | दमक नगरपालिका | 128250 | 95055 |
| ७ | गौरादह नगरपालिका | नभएको | नभएको |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | |
| ९ | हल्दीबारी गाउँपालिका | 3084.01608 | 3084.01608 |
| १० | झापा गाउँपालिका | Tender आव्हान भएको तर नलागेको | |
| ११ | कचनकवल गाउँपालिका | नदीजन्य पदार्थ नभएको | |
| १२ | कमल गाउँपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | |
| १३ | कन्काई नगरपालिका | 93700 | 93700 |
| १५ | मेचीनगर नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | 84590 |
| १५ | शिवसताक्षी नगरपालिका | यस सम्बन्धी विवरण पेश नगरेको | |

## १४. स्थानीय तहभित्र रहेका विद्यालय र विधार्थीहरुको संख्यात्मक विवरण

झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरूमा रहेका सामुदायिक विद्यालय, संस्थागत विद्यालय र धार्मिक विद्यालयहरुको संख्या र ती संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरुको विवरण देहायनुसार रहेको छ।

| S.N. | स्थानीय तह | सामुदायिक | | संस्थागत | | धार्मिक | |
|---|---|---|---|---|---|---|---|
| | | विद्यालय | विद्यार्थी | विद्यालय | विद्यार्थी | विद्यालय | विद्यार्थी |
| १ | अर्जुनधारा नगरपालिका | यस सम्बन्धी विवरण प्राप्त छैन | | | | | |
| २ | बाह्रदशी गाउँपालिका | 16 | 3980 | 13 | 4845 | 10 | 953 |
| ३ | भद्रपुर नगरपालिका | 31 | 5577 | 41 | 11020 | 2 | 124 |
| ४ | बिर्तामोड नगरपालिका | 18 | 19935 | 56 | 24222 | 2 | 120 |
| ५ | बुद्धशान्ति गाउँपालिका | 16 | 6017 | 18 | 6564 | 2 | 40 |
| ६ | दमक नगरपालिका | 110 | 6247 | 14 | 10793 | 13 | 828 |
| ७ | गौरादह नगरपालिका | 21 | 10167 | 70 | 17882 | 2 | 61 |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | | | | | |
| ९ | हल्दीबारी गाउँपालिका | 17 | 3797 | 12 | 4200 | 1 | 32 |
| १० | झापा गाउँपालिका | 14 | 4934 | 23 | 9040 | 4 | 136 |
| ११ | कचनकवल गाउँपालिका | 32 | 6086 | 31 | 4390 | 5 | 116 |
| १२ | कमल गाउँपालिका | 21 | 5839 | 26 | 5877 | 1 | 25 |
| १३ | कन्काई नगरपालिका | 21 | 9385 | 24 | 8423 | 3 | 119 |
| १४ | मेचीनगर नगरपालिका | 21 | | 13 | 3209 | 18 | 1775 |
| १५ | शिवसताक्षी नगरपालिका | 32 | 10959 | 57 | 19166 | 4 | 390 |

## १५. बहुवर्षीय आयोजना तथा कार्यक्रम र समस्याग्रस्त आयोजनाको विवरण

झापा जिल्लाका स्थानीय तहहरूले कार्यान्वयनमा ल्याएका केही बहुभाषिक आयोजनाहरू तथा सम्पन्न हुन नसकेका केही समस्याग्रस्त आयोजनाहरूको विवरण निम्नअनुसार रहेको छ।

| S.N. | स्थानीय तह | बहुवर्षीय आयोजना | समस्याग्रस्त आयोजना |
|---|---|---|---|
| १ | अर्जुनधारा नगरपालिका | यस सम्बन्धी विवरण प्राप्त छैन | |
| २ | बाह्रदशी गाउँपालिका | ● पन्ध्र शैयाको आधारभूत अस्पताल निर्माण।<br>● साधुपर्ती झिल सिम्सार क्षेत्रको पर्यटकिय प्रवर्धन।<br>● गा. पा. प्रशासकीय भवन निर्माण। | ● साधुपर्ती झिल सिम्सार क्षेत्रको पर्यटकिय प्रवर्धन। |
| ३ | भद्रपुर नगरपालिका | नभएको | ● कोल्ड स्टोर निर्माण।<br>● कमलधाप पर्यटकीय क्षेत्र निर्माण। |
| ४ | बिर्तामोड नगरपालिका | ● बुट्टाबारी-प्याकुरेल चोक सडक स्तरअन्नती।<br>● बिर्तामोड नगर अस्पताल भवन निर्माण। | यस सम्बन्धी विवरण प्राप्त छैन |
| ५ | बुद्धशान्ति गाउँपालिका | ● बुद्धशान्ति गा पा प्रशासनिक भवन निर्माण।<br>● बहुजातीय सामुदायिक भवन निर्माण बुद्धशान्ति ४। | नभएको |
| ६ | दमक नगरपालिका | ● दमक सपिङ कम्प्लेक्स। | ● दमक वहुमुखी क्याम्पस।<br>● ढुकुरपानी मा. वि।<br>● हिमालय मा. वी। |

| | | | |
|---|---|---|---|
| ७ | गौरादह नगरपालिका | • १५ शेय्याको आधारभूत नगर अस्पताल निर्माण वडा नं.- १ ।<br>• भानुमार्ग कालोपत्रे योजना क्रमागत, वडा नं.- ५,४,६ ।<br>• भानुमार्ग कालोपत्रे योजना क्रमागत, वडा नं.- ५,४,६ । | यस सम्बन्धी विवरण प्राप्त छैन |
| ८ | गौरिगञ्ज गाउँपालिका | प्रतिवेदन पेश नगरेको | |
| ९ | हल्दीबारी गाउँपालिका | • वडा नं १ देखि धनुषा आवि सम्म सडक कालोपत्रे ।<br>• हल्दीवारी १५ सैय्याको आधारभुत अस्पताल । | • भेलागुडी चिलड्रेन पार्क निर्माण । |
| १० | झापा गाउँपालिका | • पालिका भवन ।<br>• अस्पताल । | • Construction of 10 bed primary hospital |
| ११ | कचनकवल गाउँपालिका | यस सम्बन्धी विवरण प्राप्त छैन | |
| १२ | कमल गाउँपालिका | • प्रशासनिक भवन निर्माण ।<br>• स्वास्थ्य चौकी निर्माण । | यस सम्बन्धी विवरण प्राप्त छैन |
| १३ | कन्काई नगरपालिका | • पन्ध्र शैयाको आधारभुत अस्पताल ।<br>• कृषि बजार भवन निर्माण । | नभएको |
| १४ | मेचीनगर नगरपालिका | • सुर्योदय मार्ग स्तारउन्नति ।<br>• सहिद मार्ग स्तारउन्नति । | • भ्युटावर- काकरभिट्टा ।<br>• १५ सैया अस्पताल- मेचीनगर १० । |
| १५ | शिवसताक्षी नगरपालिका | नभएको | नभएको |

१६. आर्थिक वर्ष २०८१/८२ मा सम्पादित उल्लेखनिय कार्यहरु र उल्लेखनिय कार्यहरु मध्ये अनुकरणीय कुनै एक अभ्यास (असल अभ्यास)

## अर्जुनधारा नगरपालिका

- शनिश्चरे बजार सौन्दरीकरण,
- शनिश्चरे अस्पताल १५ शैयाको निर्माण,
- एकीकृत विपत् व्यवस्थापन केन्द्र स्थापना,
- कन्काई विर्ता अर्जुन बायोग्यास उत्पादन तथा फोहोरमैला व्यवस्थापन,
- पशु अस्पताल निर्माण,
- सुखानी शहिद स्मृति पार्क, हलुवागढ परापर्यटन तथा कैदले वनवाटिका स्तर उन्नति,
- महानन्द चोक माता मन्दिर सडक निर्माण |

**असल अभ्यास - कफर ड्याम निर्माण (दुङ्गाको बांध)**

## बाह्रदशी गाउँपालिका

- कालोपत्रे सडक निर्माण- जम्मा ३.६५ किलोमिटर,
- पेभर्स सडक निर्माण- २.९४ किलोमिटर,
- ग्राभेल सडक निर्माण- २१.१२ किलोमिटर,
- डाँगीबारीमा कृषि बजार निर्माण,
- कृषि विधुतिय पोल तथा तार बिस्तार – जम्मा ४०४ थान पोल तार,
- गाउँपालिकाका विभिन्न स्थानमा सडकबत्ती विस्तार- ५०८ थान,
- बाह्रदशी अस्पताललाई थप व्यस्थित गरी स्वास्थ्य विमा कार्यक्रम लागु गरिएको,
- बेरुजु फ्यौर्टको लागि विशेष पहल गरी कुल कायम बेरुजुको १२ प्रतिशत भन्दा बढी फछ्यौंट गरिएको।
- विद्यालय शिक्षा सुधारका लागि शिक्षा ऐन तथा दिगो वन व्यवस्थापनका लागि वन ऐन लगातयका विभिन्न कानूनहरु निर्माण गरिएको।

**असल अभ्यास – कृषि उत्पादन र उत्पादकत्व बढाउन कृषि विद्युत महशुलमा १००% अनुदान**

## भद्रपुर नगरपालिका

- प्राथमिक तह (१-५ ) लक्षित निशुल्क पोशाक वितरण
- सन्थाल/ अपाङ्गता भएका व्यक्ति/ दलित नागरिकको स्वास्थ्य बिमा कार्यक्रम
- नगर प्रमुख सन्थाल आवास कार्यक्रम
- रेड क्रससंगको सहकार्यमा आवश्यकता अनुसार निशुल्क रगत उपलब्ध गराइएको
- १०+२ मा विज्ञान संकाय अध्ययन गर्ने छात्राहरुलाई छात्रवृति प्रदान
- कोशी प्रदेशको पहिलो बालमैत्री नगरपालिका

- रैथानेवाली र तेलहन बाली (कोदो, बेसार, तोरी र आलस) प्रोत्साहन कार्यक्रम
- प्रांगारिक मल उत्पादन प्रवर्द्धन
- शुन्य खनजोत प्रविधिबाट मकै उत्पादन

**असल अभ्यास – सामुदायिक विद्यालयका प्राथमिक तह (१-५) अध्ययनरत छात्र- छात्रा लागि निशुल्क पोशाक वितरण**

## बिर्तामोड नगरपालिका

- विपन्न परीवारका लागि ७०९ वटा घर निर्माण गरी हस्तान्नरण गरीएको (प्रति घर निर्माण लागत रु २,५०,०००)।
- ८०७ वटा सिंचाइ डीप वोरीङ्ग जडान गरी खेतियोग्य जमिन ७० प्रतिशत सिंचाइ गरिएको।
- प्रत्येक वर्ष २००० गरीब परिवारमा निशुल्क स्वास्थ्य बिमा गरिएको।
- सामुदायिक विघालयमा अध्ययान गर्ने कक्षा – ५ सम्मका विधार्थीहरुलाई विधालय पोशाक उपलब्धता गरिएको (प्रति वर्ष ३६०० भन्दा बढी विधार्थी)।
- सबैं (१८ वटा) सामुदायिक विघालयमा स्वच्छ खानेपानी सफा सौचालय कार्यक्रम संचालन गरिएको। विषयगत समिति मार्फत सिकाई उपलब्धी सूधारका कार्यक्रम संचालन गरिएको (अंग्रेजी, गणित, विज्ञान, सामाजिक र नेपाली)।
- हालसम्म संघ, प्रदेश सरकार समेतको सहकार्यमा १३५ कि. मी. सडकमा कालोपत्रे र ४७ कि. मी. सडकमा पर्वस गरिएको। साथै साना ठुला गरेर १५३ वटा कल्भर्ट हल निमार्ण गरिएको।
- तरकारी, अण्डा, दुध, कुखुराको मासुमा र माछामा नगर आत्मनिर्भरता हुदै गएको। कृषि एम्बुलेन्स र तरकारी संलग्न कोषको व्यवस्था गरी उत्पादनलाई व्यपारसंग जोडिएको।
- ९९% भन्दा बढी जनसंख्यालाई आधारभूत खानेपानी र विधुत सेवा उपलब्ध गरिएको
- २४ घण्टा नै आकस्मित सेवा, वर्थींग सेन्टर सहितको नगर अस्पतालबाट दैनिक औसत ४५० जनालाई स्वास्थ्य सेवा प्रवाह गरिएको।
- नगर क्षेत्र भित्र संचालन हुने सम्पुर्ण योजनाहरुको गुणस्तर नियन्त्रण गर्न निर्माण सामाग्री परिक्षण प्रयोगशालाको स्थापना भएको र कार्यविधि तयार भई यसै आ. व. बाट जनशक्ति व्यवस्थापन गरी संचालनमा ल्याईने।
- १६ वटा तरकारीका समर्रथन मुल्य कायम गरी अनुदानका ब्यवस्था गरिएका।

**असल अभ्यास - तरकारी संकलन तथा बजारिकरण**

## बुद्धशान्ति गाउँपालिका

- १९५ अव्यवस्थित बसोबासीहरुलाई जग्गा धनी दर्ता प्रमाणपूर्जा बितरण गरिएको।
- इन्सिनिरेटर सहितको फोहोर मैला व्यवस्थापन केन्द्रको निर्माण सम्पन्न भएको।
- रेडक्रस सोसाइटीसँगको सहकार्यमा पालिका वासीलाई निशुल्क रक्त सेवा उपलव्ध गराईएको।
- स्वास्थ्य विमा सहितको १५ शैयाको अस्पताल र सहुलियत सहितको फार्मेसी चौबिसै घण्टा सेवा सञ्चालन।
- विपन्न नागरिकलाई निशुल्क स्वास्थ्य विमा कार्यक्रम सञ्चालन।
- कक्षा ४ देखि १० सम्मको वार्षिक परीक्षा गाउँपालिकाबाटै सञ्चालन तथा व्यवस्थापन गर्ने गरिएको।
- ३ वटा विद्यालयमा लिम्वु भाषा पठन पाठनको व्यवस्था।
- दुध तथा मासुमा आत्मनिर्भर कार्यक्रम
- वंगुर पकेट कार्यक्रम अन्तर्गत ५० घरलाई ५०% अनुदानमा २१५ पाठापाठी वितरण
- डिजिटल नागरिक वडापत्र सहितको सूचना पाटी संचालनमा ल्याइएको

- पालिका, वडा कार्यालयहरु, विद्यालय लगायतका पालिका मातहतका सरकारी निकायहरुमा ई- हाजीरी प्रयोगमा ल्याइएको
- अपाङ्गता भएका व्यक्तिहरुको सम्पूर्ण पुरानो परिचयपत्र खिची नया परिचयपत्र वितरण (जम्मा संख्या -८५७)।
- कर सहभागिता वर्ष २०८०/०८१ मनाइएको।
- रोजगार रणनीति २०८१ तर्जुमा गरिएको।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत प्राविधिक सीप विकास तालीम लिइ गत आ.व.सम्म १५३ जना व्यवसायी बनेका। यो संख्या कुल तालीम लिएका उद्यमीको ५२.२१% हुन आउँछ।
- प्रशिक्षक भई विभिन्न ठाउँमा काम गरेका उद्यमीको संख्या २७ जना रहेको छ।

**असल अभ्यास – गाउँपालिका, वडा कार्यालयहरु, स्वास्थ्य संस्था, सामुदायिक विद्यालय लगायत पालिका मातहतका निकायहरुमा विद्युतीय हाजिरी जडान गरि प्रयोगमा ल्याइएको।**

## दमक नगरपालिका

- दमक अस्पतालको सेवामा स्तरोन्नती,
- ६ वटा आधारभुत स्वास्थ्य केन्द्रमा ल्याव सेवा विस्तार,
- तोकिएको समयसीमा भित्र मदन डागी तारावारी डिपु सडक निर्माण,
- KHDC कार्यक्रम,
- ९० वर्ष माथीका जेष्ठ नागरिकको स्वास्थ्य परिक्षणका लागि घरदैलो सेवा,
- रैथाने कृषी मेला,
- वेसार उत्पादन, व्राण्डिङ र बजारीकरण
- अर्गानिक मछछड धुप उत्पादन, व्राण्डिङ र बजारीकरण
- मानव सेवा आश्रम संचालन
- सेफ हाउस संचालन

**असल अभ्यास - "सेवा विस्तार गर्दै – दमक अस्पताल"**

## गौरादह नगरपालिका

- घरमा हुने प्रसुतिलाई शून्य बनाउन प्रसुति सेवाकेन्द्र सञ्चालन गरिएको र प्रसुति व्यथा लागेका महिलाहरुलाई झापा, मोरङ्ग र सुनसरी जिल्लाका अस्पतालहरुसम्म लान र ल्याउन नि:शुल्क एम्वुलेन्स सेवा सञ्चालन गरिएको।
- आ.व. २०८५/०८६ सम्ममा मातृ मृत्युदर घटाउने १६औं योजनाको लक्ष्य अनुरुप गत तीन आ.व. मा मातृ मृत्युदर शुन्यमा झारिएको, अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा बच्चा जन्माउने दर शत प्रतिशत रहेको।
- स्थानीय विषयको "हाम्रो गौरादह" पाठ्यपुस्तक छपाई तथा बितरण गरिएको।
- अपाङ्गता भएका ब्यक्तिहरुलाई सीप विकास, प्रबिधि हस्तान्तरण तथा सपोर्ट सामाग्री बितरण गरिएको।
- उद्यमीहरुलाई प्रविधि हस्तान्तरण, उत्कृष्ट उद्यमी घोषणा तथा सम्मान कार्यक्रम गरिएको।
- नगरपालिका क्षेत्रभित्र विभिन्न ६ स्थानमा शीतभण्डार गृह (Cold Chamber) निर्माण गरिएको।
- खुला ब्यायामशाला निर्माण गरिएको।

**असल अभ्यास - गर्भवतीहरुलाई झापा, मोरङ्ग र सुनसरी सम्मका अस्पतालहरु सम्म सामान्य तथा जटिल प्रसुतीको लागि नि:शुल्क एम्बुलेन्स सेवा संचालन**

**गौरिगञ्ज गाउँपालिका**

**प्रतिवेदन पेश नगरेको**

**हल्दीबारी गाउँपालिका**

- गाउँपालिकाबाट लगभग ३५ कि मी जति कालोपत्रे सडक
- प्रदेश तथा गाउँपालिकाबाट गरी लगभग ६० कि मी कालो पत्र
- ९५ प्रतिशत सडक मोटरेवल ग्राभेल भएका छन्।
- काठे पुल मुक्त अभियान अन्तर्गत १२० भन्दा बढी काठ/ बाँस को पुललाई विस्तापित गरी स्लाव कल्भर्ट निर्माण गरिसकिएको छ।
- ९५ प्रतिसत योजनाहरु ठेक्का प्रकृया बाट संचालन
- हल्दीबारीका सबै नागरिकहरुलाई मासिक १० हजार लिटर निशुल्क खानेपानी कार्यक्रम संचालन
- ९१ प्रतिसत खानेपानी पाइपलाईन विस्तार
- करिव ७५६ गरिव विपन्नहरुको घरमा निशुल्क धारा जडान
- सबै विद्यालयमा कक्षा १२ सम्म निशुल्क पढाइ, स्थानीय मातृभाषा मेचे भाषाको पुस्तक तयारी तथा एक विद्यालयमा पढाइ संचालन
- पुर्ण साक्षर पालिका, पुर्ण खोप शुनिश्चित पालिका घोषणा
- स्वास्थ्यविमा सहितको आन्तरिक लगानीमा ५ जना डाक्टर सहितको २४ घण्टे आधारभुत अस्पताल संचालन

**असल अभ्यास -सामुदायिक विद्यालयमा विद्यार्थी अनुगमनका लागि मोबाइल एपको प्रयोग**

**झापा गाउँपालिका**

- साइकल वितरण : सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ९ को सम्पूर्ण विद्यार्थीहरूको साइकल वितरण,
- भौतिक पूर्वाधारः गाउँपालिकाका विभिन्न भवन वाटो पुल कालोपत्रे सामुदायिक भवन विद्यालय भवन आधारभुत अस्पताल गाउँपालिकाको प्रशासनिक भवन निर्माण सम्पन्न।
- निशुल्क शिक्षा : कक्षा ११ र १२ मा अध्ययनरत सामूदायिक विद्यालयको विद्यार्थीहरूको सम्पूर्ण रकम गाउँपालिकाले उपलब्ध गराउने,
- विद्युतीय महशुलमा सहुलियत: घरायसी प्रयोजनको लागि प्रयोग गरेको ५० युनिटसम्मको तथा कृषि (सिँचाई) मा ८० % विद्युत युनिटसम्मको विद्युत् महसुल पालिकाबाट भुक्तानी गरि कृषिको उत्पादन तथा उत्पादकत्व अभिवृद्धिमा सहयोग।
- काजकिरिया खर्च : मृत्युसंस्कारमा काजकिरिया खर्च स्वरुप सहयोगका निमित्त परिवारको सदस्यलाई रु.२०,०००/-।
- एम्बुलेन्स खर्च : डेलीबरीको बखत झापा जिल्ला भरिको कुनै पनि अस्पताल लैजाँदा लाग्ने एम्बुलेन्सको सम्पूर्ण खर्च तथा बच्चा जन्मी सकेपछि सुत्केरी स्याहार वापत समेत रु. ३००० उपलब्ध गराउने गरेको,
- कृषि यान्त्रिकरणका लागि विभिन्न सामाग्री वितरण : कृषकहरूलाई लागत साझेदारीमा विद्युत मोटर वितरण गर्ने गरेको

**असल अभ्यास -साइकल वितरण कार्यक्रम**

## कचनकवल गाउँपालिका

- ❖ नागरिकता, जन्म, मृत्यु, बसोबास प्रमाणपत्र लगायतका सेवा प्रवाह इलेक्ट्रोनिक प्रणालीबाट संचालन गरिएको छ।
- ❖ विभिन्न सामाजिक सुरक्षा तथा सेवा भत्ता वितरण प्रभावकारी रूपमा सम्पन्न गरिएको छ।
- ❖ कृषिमा अनुदान कार्यक्रम, बीउविजन, पशुपालन तथा तरकारी उत्पादनमा सीप विकाश तालिम संचालन।
- ❖ शिक्षा क्षेत्रमा छात्रावृत्ति वितरण, विद्यालय भवन मर्मत सम्भार र शैक्षिक गुणस्तर अभिवृद्धि।
- ❖ स्थानीय स्तरमा सडक निर्माण, खानेपानी तथा सिँचाइ योजना कार्यान्वयन।
- ❖ रोजगारीमा पहुँच वृद्धिका लागि युवा व्यवसाय र सीपमूलक तालिम संचालन।
- ❖ स्वास्थ्य शिविर, गर्भवती तथा सुत्केरी महिलाका लागि पोषण कार्यक्रम।
- ❖ विपद् व्यवस्थापनका लागि उद्धार तथा राहत वितरण कार्य।
- ❖ मेलमिलाप तथा लैङ्गिक हिंसा न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रम।
- ❖ कर तथा राजश्व संकलनमा सुधार र पारदर्शिता।
- ❖ सामाजिक सुरक्षा कोष तथा स्वास्थ्य बीमा विस्तार।
- ❖ महिला, दलित, अपाङ्गता भएका व्यक्ति र अन्य पिछडिएको वर्गका लागि लक्षित विशेष कार्यक्रमहरू सञ्चालन।

**असल अभ्यास - शिक्षकको मासिक तलब भत्ता सोझै बैक खातामार्फत भुक्तानी**

## कमल गाउँपालिका

- ❖ घुम्ती माटो परिक्षण सम्बन्धि अभिमुखिकरण तथा माटो परिक्षण शिविर कार्यक्रम:
- ❖ वालमैत्री दिगोपनाका लागी कार्यक्रम संचालन
- ❖ अपांगता भएका व्यक्तिहरुलाई स्वास्थ्य शिविर र सहायक सामाग्री वितरण र सिप विकास तालिममार्फत आत्मनिर्भर बनाएको
- ❖ किशोरी आत्मरक्षा तालिम संचालन
- ❖ कोशी प्रदेशको स्थानिय तहहरुमा गाउँपालिकाहरु मध्ये कमल गाउँपालिका पहिलो वालमैत्री गाउँपालिका घोषणा
- ❖ गर्भवती महिलालाई निःशुल्क भिडियो एक्सरे सेवा र सुत्केरी सेवा लिने महिलाहरुलाई निःशुल्क एम्बुलेन्स सेवा
- ❖ सुत्केरी आमा तथा नवजात शिशु स्वास्थ्य प्रवर्धनको लागी पोषिलो खाद्यान्न वितरण , कमल नगर अस्पतालमा प्रसुती सेवा लिने महिलालाई रु ५००० /- प्रोत्साहन र विपन्न नागरिकको निशुल्क स्वास्थ्य विमा गरिएको
- ❖ सिमान्तकृत समुदायका ६८ जना ११,१२ पढ्ने विद्यार्थहरुलाई रु ४३००/- र SEE मा उत्कृष्ट अंक ल्याउने ४ जना विद्यार्थीलाई रु ७००००/- का दरले छात्रवृत्ती

**असल अभ्यास - नखुलाइएको**

## कन्काई नगरपालिका

- ❖ नेपालको पहिलो विद्युत चुहावट मुक्त र वन्द निषेधित नगरपालिका घोषणा गरीएको छ। सूर्तिजन्य पदार्थ बेचबिखन निषेधित र बालमैत्री नगर समेत घोषणा गरिएको छ।
- ❖ अव्यवस्थित कृषि बजारलाई व्यवस्थित गर्न सूरुङ्गा चौक राजमार्ग उत्तर वनको क्षेत्रफलको जग्गा प्राप्ति गरी सुविधा सम्पन्न कृषि भवन निर्माणधीन अवस्थामा रहेको साथै कृषि टहरा निर्माण गरी सञ्चालनमा ल्याईएको।

- ❖ नगर अस्पतालमा अक्सिजन प्लाण्ट निर्माण गरी सञ्चालनमा रहेको छ।
- ❖ सुरक्षित नागरिक आवासका लागि मेयर आवास कार्यक्रम सञ्चालन गरी हालसम्म ४०७ घर निर्माण गरी हस्तान्तरण गरिएको ।
- ❖ सरकारी विद्यालयहरुमा निःशुल्क पोशाक वितरण कार्यक्रम तथा छात्रावृतीको कार्यक्रमहरु सञ्चालन भईरहेको।
- ❖ कारितास नेपालसँगको साझेदारीमा जैविक खेती प्रवर्द्धन कार्यक्रम सञ्चालन भईरहेको छ।
- ❖ प्रथम आवधिक योजना कार्यान्वयन भई दोस्रो आवधिक योजना र आयोजना बैँक निर्माण भई कार्यन्वयनको चरणमा रहेको छ।
- ❖ हालसम्म नगरपालिकाका अब्यवस्थित ७०९१ जनालाइ १५ सय ३१ बिगाहा बरावर जमिनको निस्सा वितरण गरिएको ।

**असल अभ्यास - बालमैत्री नगर घोषणा र**
**फोहोरमैला व्यवस्थापन केन्द्र ( वायोग्यास )**

## मेचीनगर नगरपालिका

- ❖ सूचना प्रविधिमा आधारित योजना मोनिटरिङ प्रणाली सुरु गरि सबै नागरिकले नगरपालिकाको सबै योजनाहरुको कार्यन्वयनको अवस्थाहरु हेर्न सकिने व्यवस्था गरिएको छ |
- ❖ SDG को 17 Goals का 169 targets र 479 Indicators हरुलाई योजना तथा कार्यक्रमहरु संग आवद्दता गर्ने गरि सिस्टम विकास गरिएको छ र उक्त सिस्टममा कार्य भइ रहेको छ |
- ❖ एकीकृत नगर सेवा प्रणालीको सुरुवात ।
- ❖ मेचीनगर आधारभूत अस्पतालको सुरुवात ।
- ❖ AI X-RAY विधिबाट सक्रिय  क्षयरोग खोजपड्ताल तथा निशुल्क स्वास्थ्य परिक्षण सिविर

**असल अभ्यास - नगर आयोजना बैंक व्यस्थापन प्रणाली**

## शिवसताक्षी नगरपालिका

- ❖ पालिकाको आफंनै फोहर प्रसोधन केन्द्र र फोहर दहन मेसीन संचालन
- ❖ फोहोर संकलन वापतको ठेक्का लगाइ आम्दानी गरेको ।
- ❖ इन्सिनेटर जडान गरी वार्षिक ठेक्का दिइ आम्दानी गरेको

**असल अभ्यास - दोमुखा धार्मीक तथा पर्यटकीय क्षेत्र सुधार**

## १७. स्थानीय तहका साझा समस्या तथा चुनौतीहरु

झापा जिल्ला अन्तर्गतका स्थानीय तहहरुले सामना गरिरहेका केही समस्या तथा चुनौतीहरुलाई प्रस्तुतीकरणका आधारमा तल राखिएको छ जुन यसप्रकार रहेका छन्।

- आन्तरिक राजस्व स्रोत सीमित हुनु र संघ तथा प्रदेश सरकारको अनुदानमा निर्भरता।
- जनशक्ति व्यवस्थापनमा कमजोरी, दक्ष तथा प्राविधिक जनशक्तिको अभाव।
- सार्वजनिक खरिद प्रक्रिया तथा ढिलासुस्ती, छोटा/साना योजनाहरुको संख्या धेरै हुनु।
- मानव संसाधनको क्षमता अभिवृद्धि, तालिम र सीप विकासमा कमी।
- कानूनी तथा नीतिगत अस्पष्टता, दोहोरोपन, कानूनी संरचनाको अभाव।
- संघ, प्रदेश र स्थानीय सरकारबीच पर्याप्त समन्वय तथा सहजीकरणको अभाव।
- स्रोतसाधनको असमान वितरण तथा प्राथमिकता पहिचान गर्न कठिनाई।
- योजना तथा बजेटको समययमा कार्यान्वयनमा ढिलाइ।
- फोहर व्यवस्थापन, वातावरण संरक्षण तथा विपद् व्यवस्थापनमा चुनौती।
- आधारभूत सेवा– शिक्षा, स्वास्थ्य, खानेपानीको गुणस्तरमा चुनौती र पूर्वाधार निर्माणमा कठिनाई।
- सार्वजनिक जग्गा तथा संरचनाको रक्षा तथा त्यसमा सरकारी लगानीको समस्या।
- अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन दिने प्रणाली कमजोर रहनु।

## १८.	प्राप्त सुझावहरु

### जिल्ला समन्वय समिति (DCC) लाई सुझाव/अपेक्षाः

- ❖ योजना, नीति तथा कार्यक्रममा दोहोरिएको कार्य हटाई समन्वयात्मक कार्य प्रवर्द्धन।
- ❖ विभिन्न स्थानीय तह, संघ/प्रदेश सरकारबीच सहकार्य, बहुछेत्रीय तालमेल र द्वन्द्व समाधानमा सक्रिय भूमिका।
- ❖ विकास निर्माणमा समन्वय, अनुगमन र मूल्यांकनमा साथ, साझा कार्यक्रम सञ्चालनमा जोड।
- ❖ सूचना आदानप्रदान, अभिलेख व्यवस्थापन र अनिवार्य सार्वजनिक रिपोर्टिङ प्रणाली विकास।
- ❖ प्राकृतिक स्रोत (ढुंगा, बालुवा, नदीजन्य पदार्थ) को व्यवस्थापनमा स्पष्ट मार्गदर्शन।
- ❖ विवाद समाधान, सीमाना र सार्वजनिक सेवा प्रवाहमा उत्पन्न अन्योलमा मध्यस्थता।
- ❖ क्षमता विकास, जनप्रतिनिधि तथा कर्मचारीका लागि तालिम, सीप अभिवृद्धिमा सहयोग।

### संघीय/प्रदेश सरकारलाई सुझाव/अपेक्षा:

- ❖ आवश्यक बजेट, अनुदान र स्रोत साधन समयमै उपलब्ध गराउन र विनियोजन प्रक्रियामा पारदर्शिता।
- ❖ नीति, कानुन निर्माण तथा दोहोरो अधिकार, अधिकार बहित छुट्ट्याउनेमा स्पष्टता।
- ❖ कर्मचारी स्रोत व्यवस्थापनमा एकरूपता र अभाव सम्बोधन।
- ❖ अस्पताल, विद्यालय, कृषि/पशुपालन केन्द्र, पूर्वाधारका कार्यक्रम स्थानीय तहसँग समन्वयमा सञ्चालन।
- ❖ सडक, सिँचाइ, खानेपानी, ऊर्जा आदि क्षेत्रका दीर्घकालीन समस्या समाधानमा सहकार्य।
- ❖ विपद् व्यवस्थापन, वातावरण संरक्षण, सार्वजनिक जग्गा र संरचनाको रक्षा सम्बन्धी स्पष्ट मापदण्ड।
- ❖ उचित मूल्यांकन, अनुगमन र प्रतिवेदनका लागि राष्ट्रिय मापदण्डको निर्माण।
- ❖ नागरिक समाज सहभागिता, सार्वजनिक सुनुवाइ, सुशासन, सामाजिक सुरक्षा कार्यक्रमलाई प्राथमिकता।